वर्ष २९ अङ्क २ अगस्त, २०२१ AUGUST, 2021

E-PAPER

मासिक प्रकाशन

सिक्किम डेमोक्रेटिक फ्रण्ट–को मुखपत्र

सिक्किम परिवर्तन

# आज क्याक्टसले सयपत्रीको बोटमा काँडा छ भन्ने आरोप लगाउँदैछ : अध्यक्ष चामलिङ



एसडीएफ अध्यक्ष श्री पवन चामलिङ फाइल फोटो

**प्रश्नः २५ वर्षको एसडीएफ सरकारमा कुनै राम्रो काम भएन भन्नेहरूलाई तपाईं के भन्नुहुन्छ?**

**उत्तर :** प्रथमतः यस्ता झूठ कुराहरू यति आत्मविश्वाससहित बोल्नसक्ने मान्छेहरू को हुन् भन्ने कुरा हामीले खुट्याउनु र चिन्नुपर्छ।

१. आफ्नो सरकारले एउटै पनि चुनावी वाचाहरू पूरा गर्न नसकेपछि हतासिएका एसकेएमका समर्थकहरूले एसडीएफमाथि यस किसिमका आरोप लगाएर लाज ढाक्ने काम गरिरहेका छन्। सिधा भन्नु हो भने 'क्याक्टसले सयपत्रीको बोटमा काँडा छ' भन्ने आरोप लगाउँदैछ। 'फ्याउरोले दुधालु गाईलाई बेकारको प्राणी' भनेजस्तो कुरा उनीहरूको छ।

**जनताको सवाल ?**

२. यो आरोप लगाउने ती मानिसहरू हुन्, जसले एसडीएफ सरकारमा सक्दो स्वार्थ पूरा गरे, अनि एसडीएफ सरकारबाट बाहिरिएपछि एसकेएम सरकारलाई दुहुने भरमग्दुर प्रयास गरिरहेका छन्। आफ्नो व्यक्तिगत फाइदा र मतलबका निम्ति बाँच्न र मर्नचाहने अवसरवादीहरूको अतृप्त आत्माको क्रन्दन हो यो। आत्मा बेचुवाहरूको रुवाइ। एसडीएफ–लाई गाली गर्दा एसकेएममा भाउ पाइन्छ भन्ने उनीहरूको सोंच र गणित हो।

३. स्व–घोषित विश्लेषक तथा सत्यवादीहरू, जो सत्यलाई मरिगए स्वीकार्न सक्दैनन् र चाहँदैनन्, उनीहरू यस थरीको कुरा गरिरहेका छन्।

आफैलाई राजनैतिक रूपले निरपेक्ष र स्वतन्त्र मान्नेहरूले एसडीएफ सरकारका रहल पृष्ठ २–मा

# के हो 'वान नेशन वान राशन कार्ड'?

## संविधानको धारा ३७१ एफ–लाई कसरी पार्छ प्रभाव



**'वान नेशन वान राशन कार्ड' अन्तर्गत देशको कुनै पनि क्षेत्रका मानिसले कुनै पनि राज्यको पीडीएस राशन दोकानबाट राशिन पाउनेछन्। सिक्किममा यो योजना लागू भए पछि श्रमिक काम गर्नका लागि सिक्किममा आउने अन्य राज्यका मानिसले सिक्किमको कुनै पनि ठाउँबाट राशिन उठाउन सक्नेछन्। जसले गर्दा अब उनीहरूले बिस्तारै सिक्किममै बस्तै जानेछन् र सिक्किममा राज्य बाहिरबाट आएका मानिसहरूको जनसङ्ख्या बढ्दै जानेछ। यसैले राज्य सरकारले यो योजना लागू गर्न अघि राज्यवासीको सुरक्षाका लागि ध्यान दिन आवश्यक थियो। यो योजना बाहिरबाट हेर्दा जति राम्रो र सुन्दर देखिन्छ, भित्रिरूपमा सिक्किम जस्ता राज्यका लागि यो योजना त्यति कै घातक छ।**




**गान्तोक।** गत २८ जुलाईको दिन राज्यका मुख्यमन्त्री श्री पीएस गोले सिक्किम राज्यमा 'वान नेशन वान राशन कार्ड' लागू गरेपछि अहिले एसकेएम सरकार आलोचनाको घेरामा घेरिन पुगेको छ।

राज्यका सचेत नागरिक, बुद्धिजीवी तथा राजनीतिक दलहरूले एसकेएम सरकारले कुनै गृहकार्य बिनै राज्यमा अठात् 'वान नेशन वान राशन कार्ड' आरम्भ गरेकोमा आपत्ति जनाइरहेका छन्।

यसै सन्दर्भमा राज्यको प्रमुख विपक्षी पार्टी एसडीएफका प्रमुख प्रवक्ता श्री एम.के. सुब्बाले गत १ अगस्तको दिन पत्रकार सम्मेलनमा बोल्दै यस मुद्दाको गम्भीरतालाई ध्यानमा राख्दै सिक्किम क्रान्तिकारी मोर्चा सरकारले सर्वदलीय बैठक डाक्नु पर्ने थियो भने। पत्रकारहरूसित कुराकानी गर्दै श्री सुब्बाले राज्य सरकारले विधानसभाको आपातकालीन बैठक डाक्नसक्ने प्रावधान हुँदा हुँदै आम सहमति बिनै निर्णय गरिएकोमा आपत्ति पनि जनाए। उनले सरकारको यस निर्णयले सिक्किमलाई स्वायत्तता प्रदान गर्ने संविधानको धारा ३७१एफ –को विशेष प्रावधानलाई उल्लङ्घन हुने बताउँदै भने, यसले भविष्यमा गम्भीर प्रभाव पार्नेछ।

एसकेएम पार्टी सरकारमा आएदेखि नै स्थानीयलाई सुरक्षा दिने ऐनलाई भत्काउने कोशिश भइरहेको आरोप लगाउँदै श्री सुब्बाले भने, हामीलाई भारतको संविधानले दिएको विशेष संवैधानिक प्रावधानको हामीले सुरक्षा गर्नुपर्छ। तर आज सरकारले हाम्रो पहिचानसित सम्झौता गरिरहेको छ।

एसडीएफ प्रवक्ता श्री सुब्बाले अझ भने, प्रवासी श्रमिकहरूले यस्ता सुविधाहरू पाउन थालेपछि उनीहरूले सिक्किममा स्थायी रूपमा बसोबासो गर्नेबारे सोच्नथाल्छन्। पछि, यसले सिक्किमको जनसाङ्ख्यिकी परिवर्तन गर्नेछ र उनीहरूले मूलधाराको राजनीतिक अधिकार पाउनथाल्ने छन्। यसले धारा ३७१एफ –को उल्लङ्घन गर्ने हुनाले सिक्किमको जनसाङ्ख्यिकीलाई नराम्रो तरिकाले प्रभावित पार्नेछ, उनले भने।

पत्रकारहरूलाई सम्बोधन गर्दै श्री सुब्बाले भने, जनवितरण प्रणालीका लागि राष्ट्रिय खाद्य सुरक्षा ऐनमा प्रावधान छ, जसअन्तर्गत चामल अनि गहुँ दिइन्छ । 'तर वान नेशन वान राशन कार्ड –मार्फत् पश्चिम बङ्गाल अनि बिहारबाट आएका प्रवासी श्रमिकहरूले राशन प्राप्त गर्न सक्ने सत्यतालाई प्रकाश पारे।

श्री सुब्बाले एसकेएम सरकारको असक्षमताले निमत्याएको गलत कदमबारे अझ भने, उनीहरू यसलाई अखिल भारतीय स्तरमा लागू गरिरहेका छन्, तर सिक्किमसित विशेष संवैधानिक प्रावधान छ, जसअनुसार उनीहरूले इनर लाइन पर्मिटका लागि आफ्नो अडान राख्नसक्छन्, सिक्किम नागरिकता संशोधन कानूनबाट मुक्त छैन। यस विषयमा एउटा छलफल भएको हुनुपर्नेथियो, जुन नहुनु एकदमै गलत भयो।

यसरी नै उनले राज्यका खाद्य मन्त्री श्री अरूण उप्रेतीले एक राष्ट्र एक राशनकार्ड लागू गरिएको विषयमा सन्तोषजनक स्पष्टीकरण दिन नसकेको बताए।

# एक राष्ट्र एक राशन कार्ड सिक्किम खाने योजना

*अम्बर राई*



सिक्किम र सिक्किमेको दुर्भाग्य नै भनौं जनमत जितेर पनि पवन चामलिङलाई २०१९ को विधानसभा चुनाउले सत्ताबाहिर पुऱ्यायो। त्यसपछि सिक्किममा सिक्किमेली जनताभन्दा गैर सिक्किमेको ढलीमली सुरु भइहाल्यो। गरिबका स्वरलाई मिचेर धनीमानीहरूको सुनवाइ हुन थाल्यो। जनविरोधीहरू सबै सत्ताका आडमा ताण्डव गर्न थाले। जनविरोधीहरूको तालमा सत्ता पनि नाच्न थाल्यो। फलस्वरूप सिक्किममा लोकतन्त्र मासिएर गयो। सानोतिनो निहुँमा विद्यार्थीहरूको भविष्य कैद गरियो। प्रजातन्त्रका आवाजलाई घरैमा कुटाइ गरेर बन्द गर्न लगाइयो। मनमर्जी भाउ बढाउने र परिवहनजस्ता अति आवश्यक सेवा क्षेत्रमा जरिमाना वृद्धि गर्ने काम हुन थाल्यो। तर यी सबै कुरामा सिक्किमे जनताबाट निष्क्रियता नै बढी झल्किरह्यो र यो यस्तै रहनेछ। पहिले सत्तामा रहेको पार्टी अहिले विपक्षमा रहेको छ। जुन पार्टी विपक्षमा छ त्यस पार्टीको आवाजलाई 'राजनीति न हो' भन्ने नै धेरै छन्। अन्य सङ्गठनहरूले सरकारको निर्णयलाई विरोध गरे त्यस सङ्गठनलाई पनि 'विपक्षी पार्टीको मतियार नै हो' भन्ने चलन बनिसकेको छ।

वास्तवमा सिक्किम अहिले चारैतिरबाट डुब्दो अवस्थामा पुगिसकेको छ। पहिले सिक्किम राजाका हातमा थियो। सिक्किमेबाटै सिक्किमे असुरक्षित थियो तर पनि त्यस बेला सिक्किमेकै राज थियो। प्रजातन्त्र खोजियो सिक्किमको बागडोर नै सिक्किमेका हातबाट टाढियो। अहिले छोग्यालको सम्झना आउँछ तर के गर्ने पारा बिग्रियो। इतिहासमा गरिएको एउटा त्यही भुल बारम्बार दोहोरिँदैछ। रम्फूपारिबाट सिक्किमतिर फर्केर कोही गर्जिँदैछ। कोही चाहिँ सिक्किमबाट ज्यू हजुर गर्दै त्यतैतिर पो भौँतारिँदैछ। फेरि उही मौनता छ जनतामा। फेरि उही निष्क्रियता छ। उही चिसोपन छ। यो चाहिँ सिक्किमको भविष्य कठ्याउने चिसो सिरेटो हो। थाहा छैन सिक्किम राज्यदेखि कहिले जिल्ला बन्ने हो। थाहा छैन सिक्किम कहिले राज्यदेखि समष्टिमा झर्ने हो। देशदेखि खसेर बनेको राज्य न हो। त्यही देशबाट राज्यमा होच्याउनेका सन्तति हामी। पुर्खाका बाटामा कहिले खरो उत्रने हो। प्रशस्तै बाटाहरू खुलिसकेका छन्। नखुलोस् पनि कसरी २०१४ को विधानसभा चुनाउसम्म त सिक्किमको चुनावी परिणाम घोषणा हुँदा सिक्किमभित्रै हर्षोल्लास मनाइन्थ्यो तर २०१९ को चुनाउदेखि भने सिक्किमको चुनावी परिणाम घोषित हुँदा सिक्किमबाहिरतिर नै पटेका पड्किन थाल्यो। अब चाहिँ धेरै सिक्किम सिक्किम भनियो भने यहाँ सिक्किमेको गाला पड्किन बेर छैन। त्यसैले आज सिक्किम चारैतिरबाट डुब्दो अवस्थामा छ। सिक्किमे आवाज अस्ताउँदो दिशातिर अग्रसरित छ।

सिक्किम-दार्जिलिङ विलयको खेल कता कताबाट खेलिँदैछ थाहा छैन। दुईवटा जनजाति सिटमा गैर सिक्किमे पार्टीको प्रतिनिधिबाट सिक्किम नराम्ररी पेलिँदैछ त्यो पनि थाहा छैन। सदनमा रहेका सिक्किमको एक मात्र विपक्षी नेतालाई कुनै खातेद्वारा सदनमै तथानाम किन भनिँदैछ त्यो पनि थाहा छैन। यस्ता कुरा सिक्किमको बागडोर हातमा हुनेलाई नै थाहा छैन। यस्तो बेला एक राष्ट्र एक राशन कार्ड योजना किन विस्तारित गरिँदैछ जनतालाई थाहा छैन। हो थाहा छैन। यसरी नै सिक्किम अन्धकार भविष्यतिर लमक-लमक लम्किरहेको छ। थाहा छैन सिक्किम कहाँबाट सञ्चालित हुँदैछ।

यसरी सुस्ताएको सिक्किमे समाजले आफू चङ्गा बन्नलाई कुनै ठुलै राजनैतिक-सामाजिक झट्का पर्खिबसेको छ। अरू त के हुन सक्ला र त्यत्रो ठुलो झट्का अधिकार खोसिन बाहेक, जनताको भाग्य घोप्टिन बाहेक। एक राष्ट्र एक राशन कार्ड योजना आफैमा पनि एउटा अवैज्ञानिक र स्वैरकल्पित योजना हो। किनभने यसमा थुप्रै कमजोरीहरू छन्। लाभ छँदै छैन भन्न सकिने यस योजनाबाट सिक्किमलाई केको लाभ हुन्छ त्यो सरकार नै जानून्। तर एकजना मन्त्रीले केका आधारमा सिक्किम सुरक्षाको कपोलकल्पित बयान दिइरहेका छन्? उनले भने जस्तै योजना लागु भए पश्चात सिक्किम सुरक्षित हुने हो भन्ने कुराको प्रत्याभुति केले दिन्छ? सिक्किमको परिप्रेक्ष्यमा केन्द्रको सबै नियम लागु हुनैपर्छ भन्ने छैन। सिक्किमेले आफ्नो हित र हानिको हेक्का राखेर हितलाई चुन्ने प्रावधान हो ३७१(एफ)। यस धाराले सिक्किमेलाई केन्द्रसँग विमर्श गर्ने पूर्ण अधिकार दिएको छ। यसमा कुनै दलाल र बगमफुसेहरूलाई कुतर्कको ठाउँ नै छैन। सबै स्पष्ट छ। खुल्ला छ। सिक्किमले यस्तो गजबको प्रावधान पाउनुको पछाडि चाहिँ यो भन्दा ठुलो कुरा गुमाउनु परेको इतिहास त्यति पुरानो पनि भएको छैन। त्यसैले सिक्किम आफ्नो कुनै लाभको लोभमा भन्दा पनि आफ्नो हुने हानिप्रति धेरै सचेत बन्नुपर्नेछ।

भारत एउटा राष्ट्र त हो नि! हो कि होइन भनेर कसैले प्रश्न गरेको छ र? कसैले यसको विरोध गरेको छ र? तर भारत एउटै राष्ट्र भएर पनि यहाँ बहुधर्मिता, बहुभाषिकता, बहुसंस्कारिता, बहुसंस्कृति, विविध परम्परा रहेको छ र रहनु नै पर्छ अनि मात्र भारत भारत बन्छ। नत्र बन्दैन। कुनै राजनैतिक दलको स्वैर कल्पनाको एकपाटे देश होइन भारत। भारतको इतिहास नै विविधतामा अडेको छ। सिक्किम राष्ट्र र भारत राष्ट्रमाझ रहेको सम्बन्ध र सन्धिबाट जन्मेको ३७१(एफ) लाई कसैले मिच्न पाउँदैन। तर आज सिमाना नाघ्दैछ। परोक्ष अतिक्रमण बढ्दैछ। चामल र चिनी होइन ३७१(एफ)। मन्त्रीको निराधार बयानले थिचिँदैन सन्धि। सत्ताले मिच्दा मिचिँदैन। आज महामारी छ सबैलाई शारीरिक तथा मानसिक तनाउ छ। जीवनको हडबडी छ। जीविकोपार्जनको **रहल पृष्ठ ४-मा**

## आज क्याक्टसले सयपत्रीको बोटमा...

*पृष्ठ १- बाट क्रमशः*

उपलब्धिहरूको थाक-थुप्रोलाई देख्दैनन् भने म उनीहरूलाई आँखा जँचाउने सुझाउ मात्र दिनसक्छु।

यी मानिसहरूलाई म केही कुराहरू स्मरण गराउनचाहन्छु -

0 सिक्किमको ४१ प्रतिशत अति गरीबीको दर २०११-मा घटेर ८ प्रतिशतमा ल्याइपुऱ्याउने काम भयो। विश्व ब्याङ्कको विश्लेषण र रिपोर्ट अनुसार दोस्रो विश्वयुद्धपछि विश्वमै गरीबी निवारणको यो सबैभन्दा तीव्र दर हो। २०१९-मा सबैभन्दा तेज गतिमा गरीबी निवारण गर्ने दोस्रो मुलुक क्यूबा बन्यो। क्यूबामा गरीबी दर करीब २ प्रतिशत रहेको थियो।

0 अघि-अघि थोरै मानिसहरूले मात्र चिनेको र बुझेको सिक्किम विश्व स्तरमै पर्यटनको दृष्टिले परिचित बन्यो। सिक्किम केवल देशको सर्वोत्कृष्ट पर्यटनस्थल मात्र बनेन, तर लोनली प्लानेटसम्मले विश्वको उत्कृष्ट भ्रमणस्थल भनेर मान्यतासमेत दियो। १९९४ सालको ९२,००० घरेलु र ६,८८८ विदेशी पर्यटकहरूको वार्षिक संख्या बढेर २०१८-मा २० लाख घरेलु र ७१,१७२ विदेशी पर्यटकहरू सिक्किम भ्रमण गर्न थाले। सिक्किमको ग्रामीण पर्यटन वा होमस्टे देशकै निम्ति उदाहरण बनेको तथ्य पनि हामीसँग छ।

0 विश्वको एकमात्र अर्ग्यानिक स्टेट सिक्किम हो। सिक्किमलाई फ्यूचर पलिसी गोल्ड अवार्ड मिल्यो। तर अहिले सिक्कि चलाउनेहरूको सोच अनुसार बुझ्ने हो भने यस्ता सम्मान र मान्यताहरूलाई पनि पैसाले किन्न पाइन्छ।

0 सिक्किम देशकै पहिलो निर्मल राज्य(२००८) र खुल्ला शौचमुक्त स्वच्छ राज्य हो।

0 सिक्किम १९९८-मा नै देशको सबैभन्दा पर्याप्रिय र हरित राज्य बनेको हो।

0 सिक्किमको प्रतिव्यक्ति आय ८४५७ रुपियाँदेखि बढेर ३,४१,००० रुपियाँ बन्नपुग्यो, जो देशका राज्यहरूमध्ये सर्वोच्च तेस्रो स्थान हो।

0 हाम्रो कुल घरेलु राज्य उत्पादन ३७७.३४ लाख रुपियाँबाट बढेर २३,००,००० लाख रुपियाँ पुग्यो। जीएसडीपी ५१५९ गुणा बढेको यो रेकर्ड हो। २०१०-११ वित्त वर्षमा हाम्रो जीएसडीपी वृद्धि दर २६ प्रतिशत रह्यो।

0 सिक्किमको आन्तरिक राजस्व सङ्कलन ४२.७२ करोडबाट बढेर १५००.७१ करोड पुग्यो।

0 हाम्रै सरकारमा सिक्किमको बिजुली उत्पादन ३२ मेगावाटबाट बढेर २७४३ मेगावाट बन्यो।

0 सिक्किमको साक्षरता दर ५६.९४ प्रतिशतबाट बढेर ९६.७२ प्रतिशत बन्नपुग्यो। सिक्किमेहरूको हरदर आयु ६२.७ वर्षदेखि बढेर ७३.२ वर्ष पुग्यो, जो देशकै सर्वोच्च औसत आयु हो। एसडीएफ सरकार सत्तामा आउँदा राज्यमा केवल दुईवटा कलेजहरू थिए, आज २८ कलेजहरू छन्। एउटै पनि युनिभर्सिटी नभएको सिक्किममा ७ वटा युनिभर्सिटीहरू स्थापित भए।

0 १९९४-मा हामी सरकारमा आउँदा राज्यसँग तिमि चिया, सिक्किम डिस्टिलरिज, योकसुम बिबरीज, सिट्को, सिक्किम ज्वेलस्जस्ता केही उद्योगहरू मात्र थिए। आज सिक्किममा ५६ वटा दवाई कारखाना र तीनवटा डिस्टिलरीजहरू छन्। साथमा हामीसँग कुखुरा पालन, अण्डा उत्पादन, सुँगुर पालन, माछा पालन, दुग्ध उत्पादनजस्ता स्वच्छ र कृषि आधारित उद्यमलगायत सिक्किमे उद्यमीहरूले शुरू गरेका अनेकौं कुटीर उद्योगहरू सञ्चालित छन्। सिक्किममा ट्राउट माछापालनले विशेष सफलता प्राप्त गरेको छ।

0 हाम्रै शासनकालमा सिक्किमका धेरै जना शिक्षित, प्रतिभासम्पन्न एवम् सम्भावनायुक्त युवाहरू राज्यबाहिरबाट आफ्नो नोकरी र व्यवसाय त्यागेर भाग्य अज्माउन सिक्किममै फर्किए। उनीहरूले आफ्नै राज्यमा सृष्ट अवसरहरूलाई उपभोग गर्ने विचारले फर्केका थिए। उनीहरूले सिक्किमभित्रै आशा, सम्भावना र भरोशा पाए। तर यो स्थिति २०१९ पछि एकाएक बदलिएको छ।

0 एसडीएफ शासनको २५ वर्षमा धेरै सिक्किमहरू करोडपति बन्नसके, अझ धेरै सिक्किमेहरू लखपति बन्नसके।

0 सिक्किमको सडक सञ्जाल १,८८९ किमी-बाट बढेर २०१८-१९ -मा १०,००० किलोमीटर बन्नपुग्यो। घरेलु बिजुली आपूर्ति ६५ प्रतिशतदेखि बढेर १०० प्रतिशत पुग्यो। ६० प्रतिशत पेयजलको आपूर्तिलाई १०० प्रतिशत बनाइयो। सिक्किमका करीब ५० प्रतिशत घरहरू कच्चा थिए, तीमध्ये प्रायः सबै घरहरूलाई पक्का बनाइयो। हामीले २०२० -भित्रमा राज्यका सम्पूर्ण घरहरूलाई पक्का घर बनाउने लक्ष्यसहित काम गरिरहेका थियौं। एमआर, एडहकसहित सिक्किममा करीब २०,००० सरकारी कर्मचारीहरू थिए, जुन १,१०,००० बन्नपुग्यो। हामीले नै सिक्किमलाई इन्कम ट्याक्समुक्त (केन्द्रीय र राज्य दुवैबाट मुक्त) राज्य बनायौं। राज्यका बाहुन, छेत्री, नेवार समुदायलाई राज्य ओबीसीको मान्यता हामीले नै दियौं। लिम्बू-तामाङ समुदायलाई जनजाति बनायौं। सिक्किमलाई पूर्वोत्तर परिषदमा सामेल गराउन सफल बयौं। सिक्किमका आठ स्थानीय भाषाहरूलाई राज्यभाषाको मान्यता दियौं र स्कूलहरूमा पढाउनथाल्यौं।

0 २००३ सालमा क्षमता विकास निर्देशालय र आजीविका स्कूल खोल्ने देशकै सबैभन्दा पहिलो राज्य सिक्किम हो।

0 विभिन्न पर्यावरणपक्षीय पदक्षेप र नीतिहरूद्वारा हामीले हरित अर्थतन्त्रको उदाहरण पेश गऱ्यौं। हाम्रो वन्यक्षेत्र ४ प्रतिशत बढेर गयो। यो उपलब्धि आर्जन गर्ने सिक्किम देशको एकमात्र राज्य हो। २०१६ सालमा युनेस्कोले कञ्चनजङ्घा नेसनल पार्कलाई विश्व धरोहर स्थलको मान्यता दियो।

0 सिक्किमको नथुला भएर चीनसँगको व्यापार मार्ग खोल्ने सम्बन्धमा केन्द्रलाई आश्वस्त र विश्वस्त पार्न हाम्रो सरकार सफल रह्यो। यो मार्ग २००६ -मा खोलियो। यही मार्ग भएर २०१५-देखि मानसरोवर यात्रा पनि आरम्भ हुनसक्यो।

0 १९९४-सम्म सिक्किमलाई देशको सबैभन्दा गरीब राज्यको रूपमा चिनिन्थ्यो। एसडीएफ-को २५ वर्षे शासनमा सिक्किम देशकै तेस्रो सबैभन्दा धनी राज्य बन्नपुग्यो। शान्ति, स्थिरता, सामाजिक न्याय, स्वच्छता, पञ्चायतीराज प्रणाली आदि क्षेत्रहरूमा सिक्किम देशकै एक नम्बर राज्य बन्नपुग्यो। सिक्किमले सुशासन, पर्यावरण संरक्षण, उच्च शैक्षिक संस्थानहरूको निर्माण, नवान्वेषी नीति निर्णय र सबै थरीका पर्यटनहरूको विकासका लागि अनेकौं राष्ट्रिय पुरस्कार र सम्मानहरू प्राप्त गऱ्यो। विकासका सबै सूचकहरूमा सिक्किम पूर्वोत्तर क्षेत्रको सबैभन्दा उत्कृष्ट र श्रेष्ठ राज्य बन्नसक्यो। दुनियाँको नजरमा सधैं ओझेलमा परेको सिक्किमलाई हाम्रै शासनकालमा देश र विश्वले सग्लो र प्रष्ट रूपमा चिन्न र जान्न पायो। यदि यी कुराहरूलाई कसैले अदेखा र अवमूल्यन गर्छ भने त्यस्ताहरूलाई भनिरहनुपर्ने हामीसँग केही छैन।

0 हाम्रो २५ वर्षीय कार्यकालभरि हामीले संविधानको धारा ३७१एफ -माथि कुनै प्रकारको आँच आउन र कमजोर हुन दिएनौं। सिक्किमको गरिमा, सम्मान, छवि र स्थानीय सुरक्षा सधैं हाम्रा प्राथमिकता रहे। वर्त्तमान सरकारबाट यी कुराहरूको आशा गर्न मुश्किल छ। आज ड्रग्स दुर्व्यसन, आत्महत्या र डिप्रसन बढेर गइरहेको छ। देशका सञ्चारमाध्यमहरूले सिक्किममा ड्रग्य बिक्रेता र बाल मानव तस्करहरू पक्रा परेका रिपोर्टहरू दिइरहेका छन्। सिक्किम-दार्जीलिङ विलयका आवाज तिख्खर हुँदै गइरहेको सुनिँदैछ। सिक्किमबाहिरका कतिपय नेताहरू धारा ३७१एफ-लाई उच्छेद गरिनुपर्छ भन्दैछन्। कतिपय मानिसहरू सिक्किम र सिक्किमेलीहरूले पाइआएका सिक्किम सब्जेक्ट वा सिओआई सबै आधार कार्ड धारकहरूलाई दिनुपर्ने माग गरिरहेका छन्।

0 सिक्किमले संघीय प्रणालीको एकदमै दुःखद र त्रासद अनुभव गरिरहेको छ। सिक्किमले यस किसिमको हास्यास्पद स्थितिको सामना यसअघि कहिल्यै गर्नु परेको थिएन।

यी तथ्य र आँकडाहरू एसडीएफ पार्टीले तयार पारेको होइन। यी तथ्यहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थानहरूले तयार पारेका हुन्। त्यसमा पनि धेरै तथ्यहरू यहाँ सम्मिलित गर्न सम्भव हुनसकेन। तरै पनि सिक्किमेहरूको जीवनस्तरको सर्वाङ्गिण विकास उल्लेखनीय छ। हाम्रो शासनकाल मानिसहरू सुखी, सुरक्षित र खुशी थिए। सिक्किम कतिपय सर्वोत्कृष्ट सूचकहरूसहित द्रुतत्तर विकसित राज्य हुनसक्यो। २५ वर्षभरि सिक्किमेहरू जितै-जितको स्थितिमा रहे। शान्ति, सुरक्षा, समृद्धि, खुशीयाली र स्वतन्त्रता सिक्किमको परिचय थियो। तर गत चुनाउपछि सबै कुराहरू नष्ट भए। २०१९-देखि सिक्किमले दुःस्वप्नको परिवर्तन महसूस गरिरहेको छ।

सिक्किम परिवर्तन

सिक्किम डेमोक्रेटिक फ्रण्ट–को मुखपत्र

वर्ष २९, अङ्क २, अगस्त, २०२१, AUGUST, 2021

## सत्यलाई स्वीकार गर्नुपर्ने आवश्यकता

राजनीतिप्रति जनतामा अहिले अविश्वास बढेर गएको छ। धन कमाउने, पद हत्याउने र शक्तिको दुरुपयोग गर्ने राजनीतिक संस्कारले राजनीतिको व्यापक क्षेत्रलाई सत्ता प्राप्तिसम्ममा खुम्च्याइदिएको छ। सत्ता र शक्ति प्राप्तिका लागि सत्तालोलुप व्यक्तिहरू राजनीतिक पार्टी गठन गरेर सुन्दर बाह्य आवरणद्वारा पूरा गर्नै नसक्ने चुनावी वाचा कसम खाँदै जनतासमक्ष पुग्दछन् अनि जनतालाई झुक्याउँदछन्। जब सत्ता यस्ता मानिसहरूको हात लाग्छ, तब ती सबै चुनावी घोषणालाई थन्क्याएर आफ्ना महत्त्वाकांक्षा पूरा गर्न अनेकौं जनवैरीहरूसँग गठजोड गरेर जनतालाई असुरक्षा पैदा गराएर सत्ताशक्तिको दुरुपयोगद्वारा जनतामा आतङ्कको स्थिति सिर्जना गरेर भ्रष्टाचार गरेर धन कमाउने विशेष अभियानमा लाग्दछन्। जसले गर्दा राजनीतिको मान, मर्यादा र महत्त्व घटेर जान्छ। जनताले ती राजनीतिका दलालहरूलाई होइन तर राजनीतिलाई नै फोहोरी खेल सम्झन पुग्छन्।

राजनीतिको महत्त्व र स्तर घट्नु भनेको प्रजातन्त्र नै खतरामा पर्नु हो। जब यस्ता जनवैरीहरूले प्रजातान्त्रिक अधिकारहरूलाई दमन गर्न थाल्छन् तब कानुन व्यवस्था चौपट हुन्छ। विधिको शासन समाप्त हुनथाल्छ। यसरी जब कानुनको राज समाप्त हुन्छ, तब आमनागरिक असुरक्षित बन्दछन्। जब सर्वसाधारणमा त्रास र भयको परिवेश सिर्जना हुन्छ, तब शासन व्यवस्थाप्रति जनताको विश्वास कम हुँदै जान्छ। विश्वासको जग हल्लिएपछि समाजमा अराजकता फैलिन्छ। यस्तो अराजक अवस्थाले राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक सबै सम्बन्धहरू बिथोलिएर मानव मूल्यको नाश हुँदछ।

जब नीति, सिद्धान्त, विचारधार र दर्शनसम्मत राजनीति हुँदैन त्यहाँ असुरक्षित परिस्थिति जन्मनु स्वभाविक हो। यसैले राजनीतिको फराकिलो फाँटलाई सम्झिएर जबसम्म जनउत्तरदायी, जनजवाफदेही र जनजिम्मेवार राजनीति गर्नेको जमात सशक्त हुँदैन तबसम्म राजनीतिको गरिमा, सम्मान र महत्त्वलाई यस्ता राजनीतिक दलालहरूले धुलिसात गर्दै लैजान्छन्। यही आदर्श र मूल्यलाई आत्मसाथ गर्ने जनशक्तिको निर्माण र सिद्धान्तको मूल्य र मान्यतासहितको राजनीति नै आजको आवश्यकता हो।

एसडीएफ पार्टीले आफ्नो स्थापनाकालदेखि नै यही सत्यलाई स्वीकार गरेर राजनीतिलाई आत्मसाथ गरेको छ। जनता राजमा जनतै राजा को मूल सिद्धान्तका आधारमा एसडीएफले लोकतान्त्रिक मूल्य, मान्यता र सिद्धान्तलाई शिरोधार्य गरेर राजनीति गर्दै आएको सत्य कसैले झुटको पोल्टामा लुकाउँदा लुकिने होइन। अब जनताले हरेक राजनीतिक पार्टीलाई उसका नीति, कार्यक्रम, सिद्धान्त र योजनाबारे गहन अध्ययन गरेर कालो र सेतो छुट्याउने समयको माग हो। यति जनता सचेत र सजग भएर सत्यको पक्षमा खडा भए राजनीतिमा आउने यस्ता विकृतिलाई सहजै रोक्न सकिन्छ।

निवेदन: सिक्किम परिवर्तनमा लेख–रचना प्रकाशनार्थ यहाँहरूले हाम्रो इमेल ठेगाना: sikkimparivartansdf21@gmail.com अथवा फोन नम्बर 9593984746, 9832793623 मा वाट्सप गरेर पठाउन सक्नुहुनेछ। पत्राचारका लागि हाम्रो ठेगाना हो– सम्पादक, सिक्किम परिवर्तन, प्रचार प्रसार मामिला विभाग, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम,७३७१०१।

# सत्ताले मात्तिएकाहरूले देख्दैनन् जनताको पीडा


विष्णु दुलाल

सत्ताले मात्तिएका कार्यकर्ताहरूलाई जनताले भोग्दैगरेका पीडा, समस्या र कठिनाइ थाहा नभएर होला आजभोलि उनीहरूले एसकेएम सरकारको निकै नै बढिबढाइ गरेको देखिन्छ। भदौमा आँखा फुटेको गोरुले जताततै हरियो देखेको जस्तो एसकेएम सरकारले सिक्किममा परिवर्तन ल्यायो भन्दै, ढोल पिट्दै, मुख्यमन्त्री, मन्त्री, एम.एल.ए.–हरूको प्यारो हुनखोज्दै, पूर्व सरकारमा जनताको काम भएन, त्यो भएन भन्दै, नानाथरीका लाञ्छना लगाउँदै नानाभाँति लेखेको देखिन्छ, तर ती सरकारपक्षका साथीहरूलाई भन्नचाहन्छु कि उहाँहरूलाई सुख भयो भन्दैमा जनतालाई पनि सुख भएको छ भनेर भन्न चाहिँ मिल्दैन। गलत पार्टी अनि गलत मान्छेको हातमा सिक्किमको बागडोर पऱ्यो भनेर पछुतो मान्दैछन्। राज्यको चारैतिर जनताले नेतृत्वको मूल्य बुझेर, को आफन्त – को पराया, को असल नेता–राजनेता र भएको हामी देख्छौं। ३ वटा वित्त वर्षमा कुल ३० हजार करोड बजेट सिक्किम सरकारले अनुमोदन गरिसकेको भन्ने कुरा छ। तर अहिलेसम्म सिक्किम सरकारले अनुमोदन गरेका बजेट गाउँहरूमा देखिएको छैन। पूर्व एसडीएफ सरकारमा बजटको ७० प्रतिशत रकम गाउँ विकासका कार्यहरूमा लगाउने गरिएको सबैलाई विदित नै छ तर वर्तमान एसकेएम सरकारमा भने गाउँ–घरमा अहिलेसम्म कुनै विकासका कार्य हुनसकेको छैन, कुनै सडक मरम्मत गरिएको छैन, कुनै कामै भएको छैन। यतिमात्र होइन, एमजीनरेगा –को कामसम्म पनि गाउँमा भएको छैन भने वर्तमान सरकारले अनुमोदन गरेको ३० हजार करोड बजट

> 'सिक्किमका जनता खोक्रो परिवर्तन, झूटो भाषण र आश्वासनले वाक्क-दिक्क भएका छन्। एसकेएम सरकारको कुशासन, कुव्यवस्था, लाचारी, अप्रजातान्त्रिक अनि अव्यवस्थित क्रियाकलाप देखेर वाक्क भएर गलत पार्टी अनि गलत मान्छेको हातमा सिक्किमको बागडोर पऱ्यो भनेर पछुतो मान्दैछन्।'

एसडीएफ सरकारको कार्यकालमा सिक्किमेली जनताको जीवनस्तर कहाँदेखि बढेर कहाँ पुगेको थियो, कतिको सुब्बे–फाब्बे भएको थियो भन्ने कुरा सबै सर्वविदित नै छ। तर अहिले एसकेएम सरकारमा सिक्किमेली जनताको जीवनस्तर घटेर तल झरेको छ। गाउँ–घरमा अनिकाल लागेको छ, आयस्रोत ठप्प छ, रोजगार छैन, सबैको हाल बेहाल भएको छ।

सिक्किमका जनता खोक्रो परिवर्तन, झूटो भाषण र आश्वासनले वाक्क-दिक्क भएका छन्। एसकेएम सरकारको कुशासन, कुव्यवस्था, लाचारी, अप्रजातान्त्रिक अनि अव्यवस्थित क्रियाकलाप देखेर वाक्क भएर राजनीतिज्ञ हुन् र कसको छत्रछायाँमा सिक्किम र सिक्किमेको वर्तमान अनि भविष्य सुरक्षित हुन्छ, जनताको जीवन र स्वास्थ्यको सुरक्षा कसले गर्नसक्छ भन्ने कुरालाई राम्रोसँग मूल्याङ्कन गरिसकेका छन्। भनिन्छ नि– मान्छे चिन्नु छ भने त्यो मान्छेलाई पावर र पैसा दिनुपर्छ अनि चिन्नसकिन्छ, योपालि सिक्किमका गाउँ–बजारका जनता साथै किसान–मजदुर–कर्मचारी–बेपारी, गाडीचालकहरू सबैले चिनिसकेका छन्।

अहिले एसकेएम सरकारमा राज्यको विकासका लागि, जनताको हितका लागि होइन तर आफ्नो खल्ती भर्ने काम मात्र कहाँ गयो त? यसले के प्रमाण गर्छ भने एसकेएम सरकार भ्रष्टाचारले ग्रसित भएको छ।

हाम्रो सरकार आएपछि हामी एसडीएफ सरकारको भन्दा धेरै राम्रो काम गर्छौं भनेर चुनाउको बेलामा भोट फकाउँदै अब नयाँ परिवर्तन ल्याउनुपर्छ भनेर १०० दिने वाचा गरेको थियो। आमा–चेलीहरूलाई चाडबाड मनाउने, घरमा बसी बसी व्यापार–धन्धा गर्न वर्षैपिच्छे १ लाख रुपियाँ दिने, युवाहरूलाई नोकरी नपाउन्जेल बेकारी भत्ता रु. १० हजार प्रति महीना दिने, अलैंची–अदुवाको दाममा वृद्धि रहल पृष्ठ ४–मा

## गरी खाने उपाय देऊ...

*वैश्विक महामारी कोरोना भाईरसको चपेटमा दिनौं वृद्धि हुँदै गएको पेट्रोल र डीजलको भाऊ, त्यसमाथि सरकारले जारी गरिएको अधिसूचना/नियम, झण गाडीको लोन ब्याङ्क/फाईनेनसबाट बारम्बार महिनै पिछे आउने फोनले आज ट्याक्सी चालक/गुरूजीहरूको अवस्था जीर्ण बनेको छ। केही रुपियाँ कमाउँछु अनि बाल बच्चाको भविष्य उज्वल बनाउन उच्चकोटीको पढाई गराउँ भनी गाउँ बस्तीबाट शहर बसाई सरेका चालक दाजुभाइको पीडा कसले बुझिदिने। घर मालिकको घर भाडा सालिनी बढोत्तरी हुन्छ, त्यसमाथि पानी, बिजुलीको किराया पनि। आज सिक्किममा गुरूजीहरूको पीडा कस्ले बुझ्ने? दोकानमा सर–सामानको भाउ सुन्दा तीन छक्क पर्नु हुन्छ, रु १२०/–मा पाइने १ लीटर खानेतेल अहिले रु २२०/– भएको छ, सुन्दा आश्चर्यचकित हुन्छ। बालबच्चाको मासिक फीसले झन् रित्तो खल्तीलाई झन् दु:ख दिन्छ। सरकारी अधिसूचना जारी गरे अड इभनको हामी चालकलाई मात्र लागु छ। ट्याक्सी एक दिन कुदाएर अर्को दिन बिसाउनु छ। यो अन्याय हामी चालक माथि मात्र किन ? एक दिनको कमाईले दुई दिनको छाक टार्नु पर्ने हामीले, के यस्तै दिन देख्न परिवर्तन ल्याइएको हो? मुखले त लाइफलाइन् भनी सराहना गर्छन् तर चालकहरूको लाईफ अफ हुन आटेको देख्ने कोही भएन। आज अनुभव हुँदैछ दु:खमा साथ दिने मात्रै आफ्नो हुँदो रहेछ। मुखले ईज्जत र सम्मानमा गरेजस्तो गरेर हाम्रो पेटमा लात हान्नेहरूलाई चिन्न जरूरी छ। मुखमा राम राम बगलीमा छुरा... भने जस्तै भएको छ। एक पल्ट चिन्तन गरौं।*

*एक पीडित चालक*

## सिक्किम परिवर्तन समयको माग हो


अनिता गुरूङ
नयाँ बजार, पश्चिम सिक्किम

सतत समयको मागसँगै सिक्किम अनि सिक्किमेजन जीवनले स्वीकार गर्नु चाहेको सिक्किम परिवर्तन चाहि प्रजातान्त्रिक सिद्धान्तको औचित्य व्यवस्था हो। सिक्किम हिजोदेखि आजसम्मको बद्लिँदो राज्य समाजले ''सिक्किम परिवर्तन''–को पाना पल्टाउँदा यहाँ कुनै पनि महत्वपूर्ण सिद्धान्तको विकास भएको छैन भनेर कसैले पनि भन्न सक्दैन। यद्यपि प्रतिक्रियावादी अड़ानले दावी गर्ने प्रयास गर्दछ भने सिक्किमको रौणक इतिहासले नै त्यो गलत साबित गर्नेछ। प्रजातान्त्रिक सिद्धान्तमा राजनीतिको ठोस व्यहार प्रजातन्त्रलाई गहिरो र फराकिलो बनाउने प्रक्रियाको थालनी गर्नु हो। राज्य र सरकारमा स्थानीय राज्यवासीले अहिलेसम्म उपभोग गर्न पाएका गतिशील समाज र व्यवस्थाभन्दा अझै प्रभावशाली ढङ्गमा राज्य समाजको अपूर्ण अंशहरूलाई अङ्गालेर, प्रणालीलाई व्यवस्थित गर्न ठूलो भूमिका रहेको हुन्छ। राजनीति समाज अनि राज्य र देशको भवनाले गर्ने विषय हो। सत्ता बदला र प्रतिशोतले जन्माएको राजनीतिज्ञ नेतृत्व अनिश्चीत क्रान्ति हुन्। केवल सत्ताको लागि गरिने आन्दोलन र हस्तक्षेपहरू जनताको वैरीहरू हुन् यसले सत्ता भोगको मोहमा दृष्टीगोचर गर्ने गोठालाहरूले सिक्किम र सिक्किमेलीको सपनाहरू पुरा गर्नुसक्दैनन्।

प्रजातान्त्रिक व्यवस्थाको अनुभावबाट सिक्किमे जनता वा राज्यका मूल समस्याहरूको साँचो निदान राजनैतिक इमान्दारी, सैद्धान्तिक वा दार्शनिक, स्पष्टता र प्रतिबद्धतालाई जनताको राजनीति हो बनेर विश्वास गर्ने जिम्मेवार नेता श्री पवन कुमार चामलिङ सिक्किम माटोको सपुत हुन्। उहाँले सबै जीवनका समस्याहरूलाई ठोस र व्यावहारिक रूपमा आफू एक आधारभूत जिम्मेवार व्यक्ति हुँ भनी स्वीकार्नु हुन्छ। आफ्नो राजनैतिक लक्ष्य जनताको सर्वोपरिता मानेर आफूलाई जनतामा केन्द्रित गर्नु हुने श्री चामलिङले राज्यको दीर्घकालीन विकासको मार्ग तय गर्दै अति गरीबीमा जिइरहेका गाउँलेहरूलाई प्रत्येक सहयोग रहल पृष्ठ ४–मा

# एक राष्ट्र एक राशन कार्ड ...

*पृष्ठ २– बाट क्रमशः*

गडबडी छ तर यस भौतिक महामारीको छेकमा अधिकारको महामारी भित्रिने ढोका सरकारले किन खोल्दैछ? यो खाँटी सिक्किमेको अधिकारलाई तरलीकरण गर्ने षड्यन्त्रमा को को सामेल छन्? स्पष्ट छ, ३७० पछि ३७१को पालो हो। यो जोड्ने मेलो होइन, तोड्ने उपाय हो। तोड्ने यो पहिलो कडी नै हो।

किनभने कुनै पनि संवैधानिक प्रावधान जति विवादित बन्छ उति नै त्यसलाई संशोधन गर्ने परिस्थिति सिर्जना हुन्छ। जति जति संशोधनको कगारमा प्रावधान पुग्छ त्यति त्यति नै त्यो कमजोर बन्छ। ३७१(एफ) यसै पनि गैरसिक्किमेका लागि अपवाद हो। आँखाको कसिङ्गर हो। उसै पनि विवादमा परिरहन्छ। झनै एक राष्ट्र एक राशन कार्ड योजना त सिक्किम बाहिरकाहरूलाई 'सिक्किमको बिलो खानु आऊ है' भन्ने निम्तो नै हुन्छ। किनभने रासन कार्ड चाहिँ गैर सिक्किमेलाई सिक्किममा चामल थाप्न आउने लिस्नु मात्र होइन सिक्किम भित्रिने र सिक्किममा रहनसहन गरी घर बसाउने निम्तो नै बन्नेछ। अहिले पनि सिक्किममा गैरसिक्किमेको के कमी! तर पनि सिक्किमे एउटा सुरक्षित स्थितिमा भने छँदैछ। गैर सिक्किमेलीलाई सिक्किममा सहुलियत नदिएकै स्थितिमा त यो गति छ। सरकारी सहुलियतसितै निम्याउने हो भने त पाँच वर्षमा सिक्किमे जति अल्पसङ्ख्यकमा पुग्ने निश्चित छ। अल्पसङ्ख्यक भनेको अल्पमत। अल्पमत भनेको अनदेखा मत हो। के सिक्किमे यही चाहन्छन् त?

अर्को कुरो केन्द्र निर्मित नियम र योजनाबिच जुन अन्तर अन्य राज्यले पाउन सक्छ त्यो सिक्किमले पाउँदैन। किनभने केन्द्र निर्मित नियम तथा योजनाका लागि ढाल बन्नसक्ने प्रभावशाली प्रावधान नै अन्य राज्यसँग छैन। यसो हुँदा केन्द्रले लागु गरेको नियमले राज्यलाई राम्रो प्रभाव पारे पनि दुष्प्रभाव नै पारे पनि अन्य राज्यले त्यसलाई ढिलो–छिटो विस्तारित गर्नै पर्छ। तर जहाँसम्म अन्य राज्यमा योजनाको कुरा छ त्यो त केही न केही सानो–ठुलो लाभ नै बन्न सक्ला त्यसैले योजनालाई प्रायः राज्यले चाँडै लागु गरी पनि हाल्छ। सिक्किमको सन्दर्भमा चाहिँ त्यस कुराले निकै ठुलो फरक पार्छ। केन्द्र निर्मित कानुन आयकर जुन एसडिएफ सरकारभन्दा पहिलेको सरकारले सिक्किममा भित्र्याएको थियो त्यसले सिक्किमेलाई आर्थिक रूपले त क्षति पुऱ्याएकै थियो तर त्यो आर्थिक क्षतिभन्दा कैयौँ गुणा राजनैतिक–सामाजिक क्षति त्यसले पुऱ्याइरहेको थियो। त्यो क्षति थियो ३७१(एफ)लाई भएको अपुरणीय क्षति। जब एसडिएफ सरकारमा आयो तब त्यस ऐतिहासिक भुलको सुधार गरी सिक्किमेलीलाई आयकरबाट छुट दिलायो। यसका लागि एसडिएफले धेरै कष्ट उठायो। यही ऐतिहासिक सुधारबाट सिक्किमेले आफ्नो मौलिक अधिकार फिर्ता पाए यो कुरा पनि थाहा छैन। तर थाहा हुँदा र नहुँदा केही फरक पर्दैन भन्दैमा भुलले हानि पुऱ्याउन छोड्दैन अनि सुधारले लाभ पुऱ्याउन छोड्दैन। जे होस्, एउटा पहिलेकैले गरेको ठुलो भुल पवन चामलिङले सुधारे। सिक्किममा सिक्किमेकै राज फर्काए। केन्द्रलाई थाहा भयो सिक्किममा पवन चामलिङ सरकार रहुन्जेल गैर सिक्किमेको खैर छैन। जब सिक्किम सरकारबाट पवन चामलिङ बाहिरिए तब अतिक्रमण र परोक्ष राजनैतिक आक्रमण नै सुरु भइहाल्यो। एक राष्ट्र एक राशन कार्ड यही अतिक्रमणको छद्म रूप हो।

हालमा सिक्किमेविरोधीहरू यस योजनालाई सकार्दै प्यान कार्ड र आधार कार्ड ल्याउँदा सिक्किमको पुरानो कानुन मासिएन त, फेरि रासन कार्डले चाहिँ कसरी मासिन्छ? भन्दै जनतालाई दिग्भ्रमित पार्न जुटेका छन्। सरकारले एसकेएमका समर्थक र सोझा जनतालाई मिडियामा बोल्न लगाएर रासन कार्ड लागु गर्नुपर्छ भन्ने हल्ला चुटाइरहेका छन्। ती बोल्नेहरूलाई रासन कार्ड र पुरानो कानुनको लाभ–हानिबारे केही थाहा छैन। सुगाको बोली बराबर हो उनीहरूका बोली। वास्तवमा प्यान कार्डचाहिँ भारतको आयकर विभागले भारतीय नागरिकको वित्तीय कारोबारमाथि निगरानी गर्न बनाएको जालो हो। पचास हजार रुपियाँभन्दा अधिक रकमको लेनदेन गर्ने बित्तिकै केन्द्रले उक्त कारोबारबारे हेक्का राख्ने वित्तीय सञ्जाल मात्र हो। यो ब्याङ्क खाताबाटै सञ्चालित हुन्छ। यसबाट न त आवासीय प्रमाण बन्छ न भोटर कार्ड नै बन्छ। रह्यो कुरा आधार कार्डको, यसबाट पनि भोटर कार्ड बन्ने आधार तयार हुँदैन। सन् २००९ मा सुरू भएको आधार कार्ड भारतमा रहेका मानिसहरूबारे विशेष प्रकारको जानकारी राख्न विस्तार गरिएको डिजिटल जानकारी मात्र हो। कुनै सहुलियत दिलाउन र नागरिकता प्रमाण गर्न दिएको दस्तावेज होइन। तर रासन कार्डले भने जहाँ चामल थाप्यो त्यहीं रहेको प्रमाण गर्छ। सिक्किमबाहिरकाले सिक्किममा चामल थापेर आफ्नो राज्यमा भात खान्छ र? यहीं खान्छ। त्यसको अर्थ चामल थापेको महिना ऊ सिक्किममा बसेको छ भन्ने प्रमाणित हुन्छ। अनि सिक्किमको कुनै होटलमा होइन घर चलाएर बसेको छ। घर चलाएर मात्र होइन सिक्किममा कुनै पेशा गर्दैछ भन्ने समेत प्रमाणित गर्छ। यसरी पाँच वर्ष बिताएपछि यतैबाट उसले भोट हाल्ने अधिकार पनि पाउँछ। यसरी भोट हाल्ने अधिकार पाउनासाथै उसले सिक्किमको राजनैतिक–सामाजिक, सांस्कृतिक तथा भाषिक परिपाटीमा दखल पुऱ्याउने अधिकार पाइहाल्छ। उसलाई सिक्किमको पुरानो कानुन घाँडो बन्छ त्यसैले ऊ त्यसको विरोध गर्न थाल्छ। यसरी यस्ता मानिसहरूको भिड बढेपछि उनीहरूकै हातमा सिक्किमको राजनैतिक शक्ति पनि हस्तान्तरित हुन पुग्छ। राजनैतिक शक्ति नै उनीहरूका हातमा पुगेपछि सिक्किमको पुरानो कानुन कसरी सुरक्षित हुन्छ? त्यसैले यो एक राष्ट्र एक राशन कार्ड भात र चियाको आडमा सिक्किमेविरोधीहरूले रचेको महाषड्यन्त्र हो।

# सिक्किम परिवर्तन समयको माग हो....

*पृष्ठ ३– बाट क्रमशः*

उप्लब्ध गराई उहाँहरूको जीवन सहज बनाउने नीति अवलम्बन गर्नुहुन्छ। प्रजातान्त्रिक सिद्धान्तमा सिक्किम परिवर्तनको व्यावस्था जमीनी अवस्थाबाट शुरू हुन पर्छ। यहीँनै समाजशास्त्रको अवश्यक अनि बुनियादी अनुभूति एवं परिवर्तनको जग हो।

एक्काइसौं शताब्दीका समाजिक तथा राजनैतिक दृष्टीकोणले सिक्किम राज्य समाजमा कस्तो र कति रूपान्तरण हुँदै गएको छ भने गहन विस्लेषण गरी राज्य पुनःनिर्माणमा राज्यका आधाभन्दा कम संख्यले स्वीकारेका वर्तमान नेतृत्व कोसेढुङ्गा कुदने प्रयास गरिएको छ। नयाँ सिद्धान्त, नयाँ लक्ष्यको प्रभाव अहिले राज्य समाजालाई अवश्यक भएर आएको छ। अर्को भने सिक्किमको concise chronicles आज चारदशक पछाडी कुल्दैछन्। यसैले हिजोको परिवर्तन संकष्टमा छ। कारण हिजोको परिवर्तनमा सिद्धान्तको अभाव, आधारहीन राजनैतिक दलको पकड यतादर्शका सिद्धान्तमा अघि सारेका छन्। आधा सरकारको जिम्मामा कम्पास बिनाको जहाजझैं दिशाहीन, अनिश्चित समस्या वा प्रतिकूलताहरूको राजनीति सिद्धान्तनिष्ठा नभएर अवसरवादीता भएको छ। त्यसैले हिजोको परिवर्तन, समाजको ऐतिहासिक विकासको पृष्ठमा अध्ययत चिन्तन, मन गर्ने र वस्तुस्थितिको आधारमा कमजोरिहरूको कारणलाई सुधार गरेर जीवनमा राजनीतिप्रति केन्द्रीय बन्न सकेन। मानव विकास र श्रेष्ठताको सिक्रिय सोचले स्वार्थ, लोभ, वश्यतालाई खुल्ला पसारेर सिक्किमको अस्तित्वमाथि सङकट ल्याइपुऱ्याएको देखिन्छ। हाल सिक्किमेको भवना विलय हुँदै गएको छ। हाम्रो लक्ष्य गतिलाई छुने यसको कुरा स्पष्ट छ।

सिक्किम परिवर्तन नयाँ आधार र सम्भावनाहरूलाई समेटेर पुनःश्रीमान पवन कुमार चामलिङ सही नेतृत्वको साथ हामीले आफ्नो राज्य सिक्किम केही बनाउन सक्ने र यी पारदर्शी चुनौतीहरूको समना गर्नका लागि पुर्णरूपमा वैचारिक सिद्धान्त एउटा उदय भएर उभिएको छ। निराशलाई आशामा परिवर्तन गर्न सक्छौ तथा सिक्किम, सुरक्षित, समृद्ध र स्वतन्त्र बनाई राख्न सक्छौ, प्रजातन्त्रलाई पुनःजीवित गरी संस्थागत गर्न सकिनेछ। सही नेतृत्वले सिक्किमको सुरक्षा गर्नु सक्ने छ। पुरानो समाधानहरूले आजको आवश्यकता पुरा गर्नु सक्दैन। आजको निर्णायक लड़ाई राज्यवासीको साम्ने छ। सिक्किमदेखि शिलङ सम्मको गाड़ीको यात्रा कसैको माना र छानाको रूप रेखा कोरिएन सबै दृष्य दुरूस्तै हुँदैन। सिक्किम परिवर्तन आजको सतत माग हो। जसले पारम्परिक चुनौतीहरूलाई बुझ्दछ। जसले सरोकारको मागलाई प्रजातन्त्रिक ढङ्गमा पुरा गर्दै एक साहसी नेतृत्व दिन सक्छ।

# सत्ताले मातिएकाहरूले देख्दैनन् ...

*पृष्ठ ३– बाट क्रमशः*

गरिदिने, वृद्धभत्ता प्रति महीना ५ हजार गरेर दिने, 'एक परिवार एक नोकरी' –का कर्मचारीलाई १०० दिनमा स्थायी गर्ने, निजी कम्पनीमा कार्यरत कर्मचारीहरूलाई प्रति महिना २० हजार तलब दिलाउने, एम.आर. र एडहकलाई स्थायी गरिदिने आदि वाचा–बन्धन गर्दा सिक्किमे जनताले भोट हालेका थिए तर आज सिक्किमेली जनतालाई एसकेएम पार्टी र सरकारले ठूलो धोका दिएको सरकारको कार्यशैलीले नै प्रमाणित गरेको छ।

परिवर्तनको नाम गरेर आफ्नो दुनो सोझ्याउनेहरूले अब कुन मुख लिएर जनतामाझ जाने? अब सिक्किमेली जनतामा राजनैतिक जागरूकता आइसकेको छ, एसकेएमले २०१९ –को चुनाउमा दिएको जस्तो झुटो भाषण र आश्वासन अनि अफवाहको राजनीतिले अब काम गर्दैन। एसकेएम सरकारमा यो बितेका अढाई वर्षमा जति पनि काम भए, ती सब पुरानो सरकारले शुरू गरेका कामहरू हुन्। वर्तमान सरकारले त अहिलेसम्म न गाउँले जनताका लागि केही काम गऱ्यो, न राज्यकै लागि केही विकास गऱ्यो। अहिलेसम्म एसकेएम सरकारले विपक्षी पार्टी अनि पवन चामलिङलाई गाली गरेर समय बिताएको छ। एसकेएम सरकारमा सिक्किम र सिक्किमेली जनताका उत्थान र उन्नतिका लागि कुनै ठोस रणनीति, कार्यक्रम र सोच नभएको कारणले गर्दा पूर्व सरकारलाई दोषारोपण गर्दै केन्द्रको इशारामा नाच्दै कुर्सी र पैसाको राजनीति गर्नमा व्यस्त देखिन्छ।

एसडीएफ सरकारमा सिक्किमको कति विकास भएको थियो, कति तरक्की भएको थियो भन्ने विषयलाई उजागर गर्न जरूरी छैन, किनभने एसडीएफ सरकारको काम बोलिरहेको छ। देश–दुनियाँ साथै सिक्किमेली जनता साक्षी छन्। एसडीएफ सरकारले घर घरमा सहुलियत पुऱ्याएको थियो, गाउँ गाउँमा विकास गरेको थियो, सिरूका छानाले भरिएको गाउँमा अहिले पक्का घर छन्, अनिकालले ग्रस्त भएको सिक्किमलाई सहकालमा परिणत गऱ्यो, जिल्ला जिल्लामा कलेज, गाउँ गाउँमा स्कूल, सडक, पानी, बिजुलीजस्ता जनताको बुनियादी सुविधा प्रदान गर्दै राज्यमा दीर्घकालीन विकासका घडेरी खनेर विश्वले चिन्ने बनायो। एसडीएफ सरकारमा सिक्किमेको शिर खडा थियो, राज्यमा शान्ति, प्रेम, भाइचारा कायम थियो। सबैले प्रजातान्त्रिक वातावरण पाएका थिए, सबैले सुरक्षित महसुस गर्थे। हाम्रो राज्यको सुरक्षा कवच मानिने पुराना कानूनहरूको पूर्ण रूपले रक्षा गरेको थियो, सिक्किममा सिक्किमेको राज कायम थियो। बाहिरका शक्तिहरूको बोलबाला चल्दैन थियो, सिक्किममा के गर्नुपर्ने, कस्तो काम गर्नुपर्ने भन्नेबारे निर्णय सिक्किममा सिक्किमेले गर्थे तर अहिले एसकेएम सरकारमा सिक्किममा खतराको घण्टी बज्नथालेको छ। सबैलाई असुरक्षा महसुस हुँदैछ, राज्यको रिमोट केन्द्रको हातमा छ, वर्तमान सरकार केन्द्रको इशारामा नाच्ने स्थिति सृजना भएको छ।

वर्तमानमा एसकेएम सरकारको क्रियाकलापलाई हेर्दा सरकारलाई राज्य अनि राज्यवासीभन्दा पनि प्रियचाहिँ चौकी, सत्ता र पैसा नै हो भन्ने बुझिन्छ। एसकेएम पार्टीले राज्यको बागडोर सम्हालेको दिनदेखि यता हाम्रो अस्तित्व सङ्कटमा परेको छ। वर्षौंदेखि सिक्किमलाई गिद्धे नजरले हेर्ने बाहिरका शक्तिहरू सक्रिय भएर सिक्किमलाई हत्याउने दाउमा छन् भने सरकार चौकी बचाउनमा व्यस्त छ। हामीले सुरक्षा कवच मानेका पुराना कानूनहरूको धज्जी उडेको छ, चिनारी विलीन हुँदै जादैछ।

सरकार पक्षका अन्धा भक्तहरूले सरकारको बढिबढाइ गर्नुभन्दा पहिला सिक्किम कतातिर ढल्किँदैछ भन्नेबारे मनन–चिन्तन गर्न एकदम जरूरी देखिन्छ। सरकारले राम्रो काम गर्‍यो भने हामी पनि प्रसंशा गर्छौं तर अहिले राज्यको राजनैतिक परिस्थिति हेर्दा सिक्किमको भविष्य अन्धकारतिर ढल्किँदैगरेको देखिन्छ। बाहिरका शक्तिहरू सक्रिय छन्, केन्द्रको बोलबाला चलेको छ, बन साङ्लाले घर साङ्लालाई खेदनथालेको छ, सिक्किमको अस्तित्व धमिलिँदै जाँदैछ। एसडीएफ सरकारमा यस्तो प्रकारको माहौल थिएन, धेरै प्रकारका चुनौतीहरूको सामना गर्नु परे पनि एसडीएफ सरकारको कार्यकालमा सिक्किमको अस्तित्व र अस्मितामा आँच आउन दिइएको थिएन, बाहिरका शक्तिहरूको बोलबाला हुँदैनथियो, सिक्किम एकदम सुरक्षित थियो। तर आज एसडीएफ सरकारको जस्तो सुरक्षित प्रजातान्त्रिक माहौल छैन। स्मरण रहोस् कि सिक्किमको अस्तित्व बचाउनेलाई भावीपीढीले पुज्नेछन्, चौकीको लालचमा अस्तित्व निलाम गर्नेलाई इतिहासले थुक्नेछन्।

एसकेएम सरकारको स्वार्थ अनि कुर्सीकेन्द्रित कार्यशैलीलाई देखेर चारैतिर फट्याक फुटुक मकैको फूल उठेजस्तो मान्छेहरू पड्किँदैछन्। यतिकै भइबस्यो भने अनि अन्याय–अत्याचार बढिबस्यो भने भाइ–भतिजावादलाई मात्र प्राथमिकता दिइबस्यो भने अनि सरकारको कार्यशैली पनि यस्तै कमजोर भइरह्यो भने यहाँ मान्छे पड्कनु मात्र होइन मान्छेहरू ज्वालामुखीझैं विस्फोटित हुनेछन्, यहाँ सीधा–सोझा मान्छेहरू विद्रोही हुनेछन्। अहिले राज्यको चारैतिर जनता राजनैतिक तौरमा जागरूक भएका छन्, अब उसो जनता परिवर्तनको झुटो नाराले अल्मलिनेवाला छैनन्, जात र धर्ममा कोही विभाजन हुनेवाला छैनन्। जनताले सिक्किमको सुरक्षा चाहेका छन्, राज्यमा विकास चाहेका छन्, अमन–चैन र भाइचारा चाहेका छन्, प्रत्येक गाउँमा विकास अनि उन्नति चाहेका छन्, झुटो आश्वासन र भाषण होइन।

# कोविड महामारीमा एसडीएफ पार्टीद्वारा

## पश्चिम जिल्लाका सबै निर्वाचन क्षेत्रमा राहत वितरण : एक रिपोर्ट



पश्चिम जिल्लामा कोविड संक्रमित परिवारलाई राहत वितरण कार्यक्रम आठै क्षेत्रमा १० जून २०२१ का दिनदेखि शुरू भयो।

१. दरामदिन क्षेत्रको राहत वितरण कार्यक्रम क्षेत्र प्रभारी पीएन सेर्पा, सिएलसी सभापति रबीनलाल गुरुङ, युवा संयोजक महेन्द्र नाल्बो, पश्चिम जिल्ला महासचिव चेली प्रकोष्ट डोमा भोटिया, पश्चिम जिल्ला चेली प्रकोष्ट फूर ल्हमू सेर्पा, पश्चिम जिल्ला महासचिव पेम्बा सालाखा, पश्चिम जिल्ला प्रचार महासचिव जीएस रिजाल साथै क्षेत्रका सक्रिय सदस्यहरूको सहभागिता लुङचोक, सलाङदाङ, लोवर थाम्बोङ , अप्पर रूम्बुक, मिडल रूम्बुक, लोवर रूम्बुक, अप्पर थाम्बोङ, आन्देन गुम्बा, साप्रेनागी, सित्ताम, तिक्पुर, भरेङ, भरेङ गुम्बा, ओखरे गुम्बा, हिले, बडियाखोप, अप्पर दोदक, थोङलिङका कोविड संक्रमितलाई रासन अनि आवश्यक सामान वितरण गरियो र चरणबद्ध रूपमा ७/ ७/ २०२१ को दिन समापन गरियो।

२. सोरेङ क्षेत्रमा पनि क्षेत्र प्रभारी एस आर सुब्बा, सि एल सी महासचिव सफल राई लगायत सबै सक्रिय कार्यकारिणीको सहभागितामा कोविड संक्रमितलाई यस क्षेत्रका टिम्बुरबुङ, कर्थोक, सोरेङ, चुम्बुङ, बुदाङ, च्याखुङ, मेन्दोगाउँ अनि छोटा साम्दोङका विभिन्न स्थानमा १०/ ६/२०२१ देखि चरणबद्ध तरिकाले राहत वितरण कार्य थालनी गरी ५/७/२०२१ मा समापन गरियो।

३. जुम सालघारीका सीएलसी अध्यक्षको अस्वस्थ्यताका कारण उनकै सुझाउमा पश्चिम जिल्ला प्रचार प्रसार महासचिव अनिता गुरूङ, कानन भोटिया, दिनेश राई, मेसक छेत्री, सुनील लामा, धनसिंह राई अनि अकिल सुब्बाको अगुवाइमा ११/६/ २०२१ देखि चरणबद्ध तरिकाले नयाँबजार, जोरथाङ, सिस्ने, बैगुने, जूम, गेलिङ, माबुङ अनि सिगेङ गाउँमा राहत वितरण कार्य सञ्चालन गरी १६/७/२०२१ मा समापन गरियो।

४. रिन्छेनपुङ क्षेत्रमा पनि राहत वितरण कार्य युद्धस्तर सम्पन्न भयो। राहत कार्य वितरण ११/६/२०२१ देखि खानी सेरबुङ र सुन्तलेमा राहत वितरण सम्पन्न भयो। यहाँ रबीन तामङ लगायत चेली महासचिव विचित्रा थापा साथै सीएलसी उपसभापति आईबी थापा, पञ्चायत, पार्टी कार्यकर्ता र अन्य समाजसेवीको सक्रियता थियो। यसरी नै कामलिङ, सुल्दुङ, तिन्जेरबुङ, ताकुथाङ, छुचेन, जील, रिन्छेनपुङलगायत अन्य कोविड संक्रमित स्थानमा पनि रबीन तामङ लगायत सबै सक्रिय सदस्यको सहभागितामा कोविड नियम पालन गर्दै ३/७/२०२१ मा राहत वितरण कार्यक्रम सम्पन्न भयो।

५. गेजीङ बर्मेक क्षेत्रको राहत वितरण कार्यक्रम ११/६/२०२१ का दिनदेखि सञ्चालन गरिएको थियो। यस कार्यमा सीएलसी सभापति धराप सुब्बा, बीबी राई अनि दुर्गसिंह कार्कीको अगुवाइमा सक्रिय सदस्य अर्जुन थापा लगायत अन्य कार्यकर्ताले सहभागिता जनाएका थिए। राहत वितरण लेग्सेप, चिङथाङ, बर्मेक, मार्ताम, गेजिङका विभिन्न कोविड संक्रमित क्षेत्रमा गरियो। १४/ ७/ २०२१ दिन राहत वितरण समापन भएको थियो।

६. मानेबुङ देन्ताम क्षेत्रमा पनि कोविड संक्रमित परिवारलाई ११/६/२०२१को दिन सीएलसी सभापति अर्जुन गुरुङ, पश्चिम जिल्ला उपाध्यक्ष दीपक गुरूङ, चेली संयोजिका सोभना वालिङ, सीएलसी महासचिव टीडी लेप्चा लगायत सक्रिय सदस्यहरूको सहभागितामा देन्ताम, गिताङ, बेगा, उत्तरे, बन्दूके, सोपाखा, सर्दोङ लगायत अन्य विभिन्न क्षेत्रका कोविड संक्रमित परिवारलाई राहत वितरण गरियो र १३/७/ २०२१मा राहत वितरण कार्यक्रम समापन भयो।

७. याङथाङ क्षेत्रमा ११/६/२०२१ देखि क्षेत्र प्रभारी डीबी सुब्बा, सीएलसी सभापति मुसाहाङ सुब्बा, चेली संयोजकका पासाङ फुटी भोटिया, भाइस कन्भेनर दीपेन गुरूङ, महासचिव आइतहाङ सुब्बा लगायत अन्य सक्रिय सदस्यको सहभागितामा दराप, सिङफेङ,पेलिङ, गेजिङ, साक्योङ, भालूथाङ, क्योङ्सा, सल्ले, लोवर याङ्ते, अप्पर याङ्ते, नयाँबस्ती, चोङजोङ अनि खोरोङमा चरणवद्ध रूपमा राहत वितरण गरी ६/७/२०२१ मा समापन गरियो।

८. पश्चिम जिल्लाको सबैभन्दा दुर्गम मानिने योक्सोम टाशिडिङ क्षेत्रमा १४/ ६/२०२१ मा पश्चिम जिल्ला महासचिव प्रभारी टासी भोटिया सीएलसी महासचिव डीएम लेप्चा, आइतबार सुब्बा, धरान सुब्बा, फागुसिंह सुब्बा, आइतलाल लिम्बूलगायत अन्य सक्रिय सदस्यहरूको सहभागितामा गेरेथाङ, लविङ, थिङलिङ, मेलीआचिङ, योक्सोम, चोङराङ अनि नासामा राहत वितरण कार्य चरणबद्ध रूपमा गरेर १३/७/२०२१ मा समापन गरियो।

यस विषम परिस्थितिमा राहत उपलब्ध गराउनु भएकोमा हामी समस्त पश्चिम जिल्लाका जनतालगायत कार्यकारिणी माननीय अध्यक्ष श्री पवन चामलिङप्रति आभार व्यक्त गर्दछौं। यस राहत वितरण कार्यमा खट्नुहुने सम्पूर्ण सहयोद्धा कार्यकर्ता प्रति पनि आभारी छौं। कतिपय सहयोद्धालाई कोविड संक्रमण भएर घरघरमा आइसोलेसनमा हुनुहुन्छ उहाँहरूको सबैको शीघ्र स्वस्थ्य लाभको पनि कामना गर्छौं।

यस विषम परिस्थितिमा राहत उपलब्ध गराउनु भएकोमा हामी समस्त पश्चिम जिल्लाका जनतालगायत कार्यकारिणी माननीय अध्यक्ष श्री पवन चामलिङप्रति आभार व्यक्त गर्दछौं। यस राहत वितरण कार्यमा खट्नुहुने सम्पूर्ण सहयोद्धा कार्यकर्ता प्रति पनि आभारी छौं। कतिपय सहयोद्धालाई कोविड संक्रमण भएर घरघरमा आइसोलेसनमा हुनुहुन्छ उहाँहरूको सबैको शीघ्र स्वस्थ्य लाभको पनि कामना गर्छौं।



# सत्तामा टाँसिरहन भँडार खनेर आँगन पुर्ने तत्त्वहरूले अहिले सिक्किममा शासन गरिरहेका छन् : जेबी दर्नाल

गान्तोक। सिक्किमको अहिलेको जल्दोबल्दो मुद्दा 'एक राष्ट्र एक राशन कार्ड' -ले सिक्किम उत्तप्त भइरहेको छ। सिक्किमे जनताले यस विषयमा धेरै गुनासोहरू व्यक्त गरिरहेका छन्। राज्य सरकार चरम विवादको घेरोमा फसेको छ। सरकारको विवादित तथा सिक्किमविरोधी क्रियालापमाथि एसडीएफ पार्टीका प्रवक्ता श्री जे बी दर्नालले लाइभ भिडियो कन्फरेन्सद्वारा गम्भीर प्रतिक्रिया दिए। उनले सत्तामा टाँसिरहन भँडार खनेर आँगन पुर्ने तत्त्वहरूले अहिले सिक्किममा शासन गरिरहेको र यो सिक्किम र सिक्किमे जनताको लागि ठूलो दुर्भाग्यको कुरा हो भने।



मुख्यमन्त्रीले केही महीनाअघि गुजरातमा दाण्डी मार्चमा भाग लिएर आएपछि सिक्किममा कोरोनाको डेल्टा भेरिएन्ट फैलिएको र त्यसपछि सिक्किममा माछा मेला, साइकल ऱ्याली, मास जोइनिङ कार्यक्रमहरू आदिले गर्दा सिक्किमका गाउँ गाउँसम्म डेल्टा भेरिएन्ट फैलिएर गएको, जसल गर्दा सिक्किमका ३०० -भन्दा बढ्ता होनहार नागरिकहरूले असमय ज्यान गुमाउनुपरेको सत्यतालाई प्रकाश पार्दै श्री दर्नालले अहिले घरी सिक्किमका मुख्यमन्त्री महाराष्ट्रको भ्रमणमा १०-१२ जनाको टोली लिएर गएको उल्लेख गर्दै महाराष्ट्र राज्य हाल जिका भाइरसले आक्रान्त भएको अवस्थामा छ। यस्तो अवस्थामा सिक्किममा पनि जिका भाइरस फैलिनसक्ने आशङ्कालाई अस्वीकार गर्नसक्दिँन भने। यसरी नै गत विधानसभा उप-चुनाउमा सत्तारूढ एसकेएमले भारतीय जनता पार्टी (भाजपा) -सित चुनावी तालमेल गर्दै २ वटा बीएल सीट दिएको आवगत गराउँदै गठबन्धन सरकार गठन भएको २ वर्ष बितेर जाँदा पनि सिक्किमका एउटै पनि लम्बित राजनैतिक मागहरू पूरा हुन नसकेकोमा श्री दर्नालले खेद प्रकट गरे। लम्बित राजनैतिक मागहरूको परिपूर्ति विपरीत् नागरिकता संशोधन अधिनियम (सीएए), केन्द्रीय मोटर व्हीकल एक्ट, एक राष्ट्र एक राशन कार्डजस्ता ऐनहरू लागु गरेर सिक्किमका हितविरोधी अनि सिक्किमका लागि संवैधानिक रक्षाकवच धारा ३७१एफ -लाई सङ्कटमा पारिएको विषयलाई पनि उनले प्रष्ट पारे। यसका साथै श्री दर्नालाले 'एक राष्ट्र एक राशन कार्ड' जस्तो सिक्किमको जनसाङ्ख्यिकीलाई गम्भीर प्रभाव पार्ने ऐन लागु गर्नभन्दा अघि एसकेएम सरकारले सिक्किमको सबैभन्दा ठूलो पञ्चायत सिक्किम विधानसभामा यसमाथि कुनै छलफल गरेन, विपक्षी पार्टीहरूलाई विश्वासमा लिएन, बरू शिलाङमा पूर्वोत्तर परिषद्को बैठकमा भाग लिएर फर्कने बित्तिकै हठात् बिनाकुनै सोचविचार यसलाई लागु गरियो, भने। एसडीएफ पार्टी राज्य सरकारको यस सिक्किमविरोधी, धारा ३७१एफ -विरोधी कदमको तीव्र शब्दमा विरोध गर्दछ भन्दै राज्यका खाद्य मन्त्रीलेँ 'एक राष्ट्र एक राशन कार्ड' -ले सिक्किमको लागि संवैधानिक धारा ३७१एफ -लाई कुनै प्रभाव पार्दैन, म ग्यारेण्टी गर्छु भनी दिएको वक्तव्य पनि निन्दनीय छ भने। उनले सिक्किम विधानसभामा यस विषयमा बहस डाकेर उक्त ग्यारेण्टी दिने कुरा गर्नुपर्ने थियो भन्दै मन्त्रीले राशन कार्ड र एटीएम कार्ड एउटै हो भनी दिएको वक्तव्य पनि आलोचना गरे।

# स्पष्ट फर्मुला सार्वजनिक गर : खरेल

**गान्तोक।** एसकेएम सरकारलाई राज्यको प्रमुख विपक्षी पार्टी एसडीएफले लिम्बू-तामाङ सिट आरक्षण अनि छुटेका सिक्किमे समुदायलाई जनजातिको मान्यता दिलाउने सन्दर्भमा केन्द्र सरकारसमक्ष बुझाएको फर्मूला सार्वर्जनिक गर्न चुनौती दिएको छ। एसडीएफ पार्टीका उपाध्यक्ष (प्रचार-प्रसार), श्री कृष्ण खरेलले ९ अगस्तको दिन एउटा प्रेस विज्ञप्ति जारी गर्दै यस्तो चुनौती दिएका हुन्।



विज्ञप्तिमा भनिएको छ, एसकेएम सरकार बनिएकै १० दिनभित्रमा लिम्बू-तामाङलाई सिटको व्यवस्था मिलाउने वचन दिएको एसकेएम सरकार अढाई वर्षपछि निन्द्राबाट जागे जस्तो भएको छ। यी दुई समुदायलाई कहाँबाट र कसरी आरक्षण गरिने त्यो सम्बन्धमा एसकेएम सरकार कुहिरोमा हराएको काग जस्तो भएको छ। आफै बाटो बिराएकोले अरूलाई बाटो देखाउने कुरा पनि ढाँटको राजनीति हो।

जबसम्म राज्य सरकारले स्पष्ट फर्मुलासहितको दस्तावेज केन्द्रलाई बुझाउन सक्दैन तबसम्म लिम्बू-तामाङको सिट आरक्षण सम्भव छैन किनभने यो तरिका प्रशासन चलाउने सामन्य पद्धति हो।

एसडीएफले भनेको छ, विधानसभामा एकैपल्ट पनि यी मुद्दामा चर्चा, छलफल र स्पष्ट रणनीति बनाउने सम्बन्धमा एसकेएम सरकार विफल भएपछि अहिले जनतालाई झुक्याउन यो नाटक गरिरहेको छ। यदि एसकेएम सरकार जनउत्तरदायी छ भने निम्नलिखित मुद्दाहरूमा विधानसभाभित्र के छलफल भयो र कस्तो प्रस्ताव पारित गऱ्यो त्यो सार्वजनिक गरिनुपर्छ। जनता र राज्यवासीसँग एसकेएम पार्टीले घोषणा गरेका वचनहरू पूरा गर्ने कुरामा सरकार इमान्दार नभएपछि अहिले घरि एसकेएम पार्टीको सरकारले केन्द्रमा गएर नाटक गरिरहेको छ।

उपाध्यक्ष श्री खरेलले भनेका छन्, एसडीएफ सरकारले स्पष्ट फर्मुलासहित चालिस सिटको विधानसभामा १२ सिट बीएल, १ सिट संघ २ सिट अनुसूचित जाति, ५ सिट लिम्बू तामाङ र रहल २० सिट जेनेरल गरेर केन्द्र सरकारलाई अनुमोदनको लागि पठाएको हो। यो फर्मुलामा एसकेएम पार्टीका वरिष्ठ नेताहरूले झोस पोल, चुकुलबाजी र केस गरेर प्राप्त भइसकेको मागलाई रोक्ने काम गरे। अहिले उनीहरूले कुन आधारमा यो माग केन्द्र सरकारसँग गरिरहेका छन् त्यो जनतामा सार्वजनिक हुनुपर्छ भनेर एसडीएफ पार्टी माग गर्दछ।

उनले भने, परमपावन कर्मापाको सिक्किम आगमनको मुद्दा र सिक्किमे १२ जाति बाहुन, छेत्री, नेवार, जोगी, सन्यासी, याखा, देवान, राई, मगर, भुजेल, गुरूङ, सुनुवारलाई जनजातिको दर्जा दिइनुपर्छ भनेर एसडीएफकै माग हो। यी मागहरूमा एसडीएफले सम्पूर्ण रूपमा गृहकार्य गरेर स्पष्ट कार्यदिशा जनतामा सार्वजनिक गरी जनताको सहमतिको आधारमा केन्द्रमा पठाएको हो। तर एसकेएम सरकारले विधानसभा जस्तो गरिमामय मन्दिरमा पनि कुनै प्रस्ताव ग्रहण नगरिकन, जनतासँग कुनै चर्चा, छलफल, बहस नगरिकन गुपचुपरूपमा माग राख्ने काम गरेको छ। एसकेएम पार्टीको यस्तो जनविरोधी र जनताको शक्तिको अपमान गर्ने कार्यशैलीको घोर भर्त्सना जनाउँदै एसडीएफ पार्टी खेद प्रकट गर्दछ। एसकेएम पार्टीले के कस्ता विधि, विधान र फर्मुलाका आधारमा यी मागहरू गरिएका छन् ती विषयहरू जनता अघि स्पष्ट गर्न एसडीएफ पार्टी माग गर्दछ, उनले भने।

# Olympic Medal Count

| Rank | Country | G | S | B | Total | Rank by Total |
|---|---|---|---|---|---|---|
| 1 | United States of America | 39 | 41 | 33 | 113 | 1 |
| 2 | People's Republic of China | 38 | 32 | 18 | 88 | 2 |
| 3 | Japan | 27 | 14 | 17 | 58 | 5 |
| 4 | Great Britain | 22 | 21 | 22 | 65 | 4 |
| 5 | ROC | 20 | 28 | 23 | 71 | 3 |
| 6 | Australia | 17 | 7 | 22 | 46 | 6 |
| 7 | Netherlands | 10 | 12 | 14 | 36 | 9 |
| 8 | France | 10 | 12 | 11 | 33 | 10 |
| 9 | Germany | 10 | 11 | 16 | 37 | 8 |
| 10 | Italy | 10 | 10 | 20 | 40 | 7 |
| 11 | Canada | 7 | 6 | 11 | 24 | 11 |
| 12 | Brazil | 7 | 6 | 8 | 21 | 12 |
| 13 | New Zealand | 7 | 6 | 7 | 20 | 13 |
| 14 | Cuba | 7 | 3 | 5 | 15 | 18 |
| 15 | Hungary | 6 | 7 | 7 | 20 | 13 |
| 16 | Republic of Korea | 6 | 4 | 10 | 20 | 13 |
| 17 | Poland | 4 | 5 | 5 | 14 | 19 |
| 18 | Czech Republic | 4 | 4 | 3 | 11 | 23 |
| 19 | Kenya | 4 | 4 | 2 | 10 | 25 |
| 20 | Norway | 4 | 2 | 2 | 8 | 29 |
| 21 | Jamaica | 4 | 1 | 4 | 9 | 26 |
| 22 | Spain | 3 | 8 | 6 | 17 | 17 |
| 23 | Sweden | 3 | 6 | 0 | 9 | 26 |
| 24 | Switzerland | 3 | 4 | 6 | 13 | 20 |
| 25 | Denmark | 3 | 4 | 4 | 11 | 23 |
| 26 | Croatia | 3 | 3 | 2 | 8 | 29 |
| 27 | Islamic Republic of Iran | 3 | 2 | 2 | 7 | 33 |
| 28 | Serbia | 3 | 1 | 5 | 9 | 26 |
| 29 | Belgium | 3 | 1 | 3 | 7 | 33 |
| 30 | Bulgaria | 3 | 1 | 2 | 6 | 39 |
| 31 | Slovenia | 3 | 1 | 1 | 5 | 42 |
| 32 | Uzbekistan | 3 | 0 | 2 | 5 | 42 |
| 33 | Georgia | 2 | 5 | 1 | 8 | 29 |
| 34 | Chinese Taipei | 2 | 4 | 6 | 12 | 22 |
| 35 | Turkey | 2 | 2 | 9 | 13 | 20 |
| 36 | Greece | 2 | 1 | 1 | 4 | 47 |
| 36 | Uganda | 2 | 1 | 1 | 4 | 47 |
| 38 | Ecuador | 2 | 1 | 0 | 3 | 60 |
| 39 | Ireland | 2 | 0 | 2 | 4 | 47 |
| 39 | Israel | 2 | 0 | 2 | 4 | 47 |
| 41 | Qatar | 2 | 0 | 1 | 3 | 60 |
| 42 | Bahamas | 2 | 0 | 0 | 2 | 66 |
| 42 | Kosovo | 2 | 0 | 0 | 2 | 66 |
| 44 | Ukraine | 1 | 6 | 12 | 19 | 16 |
| 45 | Belarus | 1 | 3 | 3 | 7 | 33 |
| 46 | Romania | 1 | 3 | 0 | 4 | 47 |
| 46 | Venezuela | 1 | 3 | 0 | 4 | 47 |
| 48 | India | 1 | 2 | 4 | 7 | 33 |
| 49 | Hong Kong, China | 1 | 2 | 3 | 6 | 39 |
| 50 | Philippines | 1 | 2 | 1 | 4 | 47 |
| 50 | Slovakia | 1 | 2 | 1 | 4 | 47 |
| 52 | South Africa | 1 | 2 | 0 | 3 | 60 |
| 53 | Austria | 1 | 1 | 5 | 7 | 33 |
| 54 | Egypt | 1 | 1 | 4 | 6 | 39 |
| 55 | Indonesia | 1 | 1 | 3 | 5 | 42 |
| 56 | Ethiopia | 1 | 1 | 2 | 4 | 47 |
| 56 | Portugal | 1 | 1 | 2 | 4 | 47 |
| 58 | Tunisia | 1 | 1 | 0 | 2 | 66 |
| 59 | Estonia | 1 | 0 | 1 | 2 | 66 |
| 59 | Fiji | 1 | 0 | 1 | 2 | 66 |
| 59 | Latvia | 1 | 0 | 1 | 2 | 66 |
| 59 | Thailand | 1 | 0 | 1 | 2 | 66 |
| 63 | Bermuda | 1 | 0 | 0 | 1 | 77 |
| 63 | Morocco | 1 | 0 | 0 | 1 | 77 |
| 63 | Puerto Rico | 1 | 0 | 0 | 1 | 77 |
| 66 | Colombia | 0 | 4 | 1 | 5 | 42 |
| 67 | Azerbaijan | 0 | 3 | 4 | 7 | 33 |
| 68 | Dominican Republic | 0 | 3 | 2 | 5 | 42 |
| 69 | Armenia | 0 | 2 | 2 | 4 | 47 |
| 70 | Kyrgyzstan | 0 | 2 | 1 | 3 | 60 |
| 71 | Mongolia | 0 | 1 | 3 | 4 | 47 |
| 72 | Argentina | 0 | 1 | 2 | 3 | 60 |
| 72 | San Marino | 0 | 1 | 2 | 3 | 60 |
| 74 | Jordan | 0 | 1 | 1 | 2 | 66 |
| 74 | Malaysia | 0 | 1 | 1 | 2 | 66 |
| 74 | Nigeria | 0 | 1 | 1 | 2 | 66 |
| 77 | Bahrain | 0 | 1 | 0 | 1 | 77 |
| 77 | Saudi Arabia | 0 | 1 | 0 | 1 | 77 |
| 77 | Lithuania | 0 | 1 | 0 | 1 | 77 |
| 77 | North Macedonia | 0 | 1 | 0 | 1 | 77 |
| 77 | Namibia | 0 | 1 | 0 | 1 | 77 |
| 77 | Turkmenistan | 0 | 1 | 0 | 1 | 77 |
| 83 | Kazakhstan | 0 | 0 | 8 | 8 | 29 |
| 84 | Mexico | 0 | 0 | 4 | 4 | 47 |
| 85 | Finland | 0 | 0 | 2 | 2 | 66 |
| 86 | Botswana | 0 | 0 | 1 | 1 | 77 |
| 86 | Burkina Faso | 0 | 0 | 1 | 1 | 77 |
| 86 | Côte d'Ivoire | 0 | 0 | 1 | 1 | 77 |

सिक्किम डेमोक्रेटिक फ्रण्ट, प्रचार प्रसार मामिला विभागद्वारा प्रकाशित एवम् प्रशासित। ठेगाना, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम, ७३७१०२, सम्पादक: कृष्ण खरेल